नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
वैदेशिक रोजगार विभाग
# ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

प.सं. २०८०/८१
च.नं.

मिति: २०८१।०१।१४

## Service Sector मा रोष्टर परिवर्तन सम्वन्धी सूचना !

HRD Service of Korea बाट April 25, 2024 मा प्राप्त पत्र अनुसार कृषि तथा पशुपालन क्षेत्र र उत्पादनमुलक क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS TOPIK) उतीर्ण भई रोजगार आवेदन फाराम भरी रोष्टरमा रही रोष्टरको अवधि 31 Dec, 2024 भित्र सकिने Job Seeker हरुले Service Sector तर्फ रोष्टर परिवर्तन गर्न सकिने भनी नामावली सहितको तालिका प्राप्त हुन आएकोले यसै साथ संलग्न सूचीमा नाम समाबेश भएका र रोष्टरको अवधि सन् ३१ डिसेम्बर २०२४ भित्र समाप्त हुने ईच्छुक व्यक्तिहरुले तपसिल बमोजिमका बुँदाहरुलाई ध्यान दिई यहि मिति २०८१।०१।१४ देखि मिति २०८१।०१।१८ (सन् 26 April, 2024 - 30 April, 2024) सम्म यसै साथ संलग्न नमुना फाराम प्रिन्ट गरी पूर्ण रुपमा आफ्नो विवरण भरी सो फाराममा राहदानी अनुसार दस्तखत गरी तपसिलमा उल्लिखित कागजातहरु संलग्न राखी यस शाखाको ईमेल eps.sectorchange@gmail.com मा स्क्यान गरी आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. पूर्ण रुपमा भरेको Sector Change को फाराम

२. राहदानी

३. परीक्षाको प्रवेश पत्र

अनिवार्यरुपमा ध्यान दिनु पर्ने बुँदाहरु:

क. आफनो विवरण भर्दा पुरा र शुद्ध संग भर्नु पर्ने छ। अपुर्ण र अशुद्ध विवरणको कारण फाराम रद्द भएमा सम्वन्धित निकाय जवाफदेहि हुने छैन।

ख. कृषि तथा पशुपालन क्षेत्र र उत्पादनमूलक क्षेत्र तर्फको रोष्टरको अवधि ३१ डिसेम्बर २०२४ भित्र समाप्त भएको हुनु पर्ने ।

ग. यदि आवेदकहरूको संख्या आवश्यक संख्या भन्दा अधिक भएमा जसको रोष्टरको अवधि छोटो छ, त्यस्तो आवेदकलाई पहिलो प्रथमिकता दिइनेछ।

नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
वैदेशिक रोजगार विभाग
# ई.पि.एस.कोरिया शाखा
**ग्वार्को, ललितपुर ।**

प.सं. २०८०/८१
च.नं.

घ. यदि कसैको पहिलेनै रोजगारदाताले Labour Contract Issue गरिसकेको वा रोस्टर अवधि समाप्त भैसकेको वा कुनै कारणले अयोग्य भएमा Service Sector मा रोष्टर परिवर्तन गर्न पाइने छैन।

ङ. Sector Change पछि रोस्टरको अवधि अघिल्लो रोष्टरको बाँकी अवधि बराबर नै हुनेछ। (रोष्टरको अवधि थप हुने छैन)

च. Sector Change हुनु भनेको कोरियामा रोजगारको लागि जान पाउने ग्यारेन्टी होईन।

छ. भविष्यमा Service Sector को लागि आवश्यक रोस्टर संख्या पर्याप्त भएमा, साविकको Sector (कृषि तथा पशुपालन, उत्पादनमूलक) मा फिर्ता गर्न चाहनेहरूलाई सोही Sector मा फिर्ता हुन सकिनेछ।

२०८१/१/१४
ई.पि.एस. कोरिया शाखा